आज मिति २०७९ साल आश्विन ७ गते शुक्रवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरुः**

प्रस्ताव नं.१: मिति २०७९/०५/२२ को कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व ०७९/०८० का संघ, प्रदेश, नगर स्तरीय, वडा स्तारीय योजना कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.३: नवप्रवर्तनिय कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।
प्रस्ताव नं.४: सरसफाई केन्द्र व्यवस्थापन अध्धयन भ्रमणको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.५: व्यास नगरपालिकाको आ.व ०७९/०८० को चालु खर्चको पुनरावलोकन सम्बन्धमा ।
प्रस्ताव नं.६: वडा दशै २०७९ को सन्दर्भमा जलपान कार्यक्रम आयोजना सम्बन्धमा ।
प्रस्ताव नं.७: बजार अनुगमन गर्ने सम्बन्धमा
प्रस्ताव नं.८: विभिन्न बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: मादिनदि गिटि बालुवाको पुनः वोलपत्र आवहान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: दशै,शुभदिपवालीको सन्दर्भमा वाटो सरसफाई गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: विभिन्न विद्यालयमा प्रधानध्यापक नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: विभिन्न पालिकावाट शिक्षक सरुवा सहमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: मेडपा कार्यक्रम विस्तार गर्न वडा तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: व्यास नगर उद्यम विकास समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: भाद्र महिना सम्मको आन्तरिक आय प्राप्त जानकारी सम्बन्धमा ।
प्रस्ताव नं.१६: राष्ट्रिय खेलकुद तयारीमा वास्केटवल ग्राउण्ड मार्फत विस्तार सम्बन्धमा ।
प्रस्ताव नं.१७: कालिका शहिद मार्गमा गेट निमार्ण योजना सम्बन्धमा ।
प्रस्ताव नं.१८: सुत्केरी पोषण भत्ता वितरण सम्बन्धमा ।
प्रस्ताव नं.१९: स्वय सेवक शिक्षक खटाइएको सम्बन्धमा ।
प्रस्ताव नं.२०: जिल्ला सहकारीलाई कोठा उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२१: सत्यवती मा.वि लाई कक्षा ११,१२ विहानी सत्रमा सञ्चालन अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.२२: नीजि स्वास्थ्य संस्थाको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२३: कृषि अनुदान रकम सम्बन्धमा ।
प्रस्ताव नं.२४: अस्पताल चिकित्सकको तलब स्केल सम्बन्धमा ।
प्रस्ताव नं.२५: समता विद्यालयको पूंजिगत खर्चमा लागत सहभागिता सम्बन्धमा ।
प्रस्ताव नं.२६: सिमलको रुख कटान सम्बन्धमा ।
प्रस्ताव नं.२७: अत्यावश्यक एंव विपद जन्य विषयमा रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** व्यास नगर कार्यपालिकाको मिति ०७९/०५/२२ मा भएको निर्णयहरुको समिक्षा गरी अब योजना परिवर्तन गर्नुपरेमा नगर सभामा पेश गर्ने र श्रोत निश्चित नभएका योजनाहरु वडाबाट सिफारिस नगर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** आ.व ०७९/०८० का लागि व्यास नगरपालिका अन्तरर्गतका संघ, प्रदेश, नगरस्तरीय र वडा स्तरीय- योजनाहरु वडाको जिम्मेवारीमा उपभोक्ता समितिबाट भएमा प्राथामिकता दिई उपभोक्ताबाट हुन नसक्ने योजनाहरुलाई बोलपत्र आव्हान गरी सार्वजनिक खरिद ऐन र नियमावली अनुसार प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** गण्डकी प्रदेश सरकारबाट नवप्रर्वतनीय योजना प्रस्ताव गर्न आह्वान भई ०७९/०६/१४ गते सम्म म्याद रहेकोमा कृषि पशुपंक्षी क्षेत्रको प्रवर्द्धन, बजारीकरण र रोजगारी अभिवृद्धि सम्बन्धी प्रस्ताव पेश गरी सहभागी हुने निर्णय गरियो ।

**निर्णय नं.४:** व्यास नगरपालिकाका उप-प्रमुखको नेतृत्वमा जनप्रतिनिधिहरु, सम्भावित क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधिहरु समेतले २०७९/०५/३१ गते स्याङ्जा जिल्लाको वालिङ्ग नगरपालिकाको सरसफाई

केन्द्रको अध्ययन गरिएको प्रतिवेदन पेश हुन आएकोले सरसफाई केन्द्र तत्काल प्रारम्भ गर्न प्रस्तावित जग्गाहरुको स्थानिय सरोकारवलाहरुसँग समन्वय गरी प्रकृया अघि बढाउन वडा नं २ का अध्यक्ष श्री काशीराम श्रेष्ठको संयोजकत्वमा गठित सरसफाई व्यवस्थापन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.५:** व्यास नगरपालिकाको आ.व ०७९/०८० को चालु खर्च घटाउनका लागि आगामी बैठकमा राय सुझाव पेश गर्न उपप्रमुख श्री इन्दिरा दरै संयोजक, श्री रमेशचन्द्र हडखले (वडा नं १), श्री मन बहादुर गुरुङ (वडा नं ४), श्री रनसिं नेपाली (वडा नं ११) सदस्य रहने र प्रमुख प्रशासकीय अधिकृत श्री हरिराम नागिला सदस्य सचिव रहने गरी चालु खर्च पुनारावलोकन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** बडादशै, शुभ-दिपावली, नेपाल संवत, छठ, इद २०७९ लगायतका पर्वहरुमा सम्पुर्ण नगरवासीहरुमा  हार्दिक शुभकामना व्यक्त गर्दै उपयुक्त मितिमा आश्विन भित्र नगरपालिका प्राङगणमा शुभकामना आदान-प्रदान तथा जलपान कार्यक्रम आयोजना गर्ने र उक्त कार्यक्रममा वर्तमान, निवर्तमान जनप्रतिनिधी, पूर्व जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरु, क्याम्पस र विद्यालयका प्राध्यापक, शिक्षक, उद्योग वाणिज्य संघ प्रतनिधि, टोल विकास संस्थाका प्रतिनिधिहरु, कानुन व्यवसायी, पत्रकार, स्वस्थ्यकर्मी र क्लबहरु लगायत सामाजिक क्षेत्रका प्रतिनिधिहरुलाई जलपानमा सहभागी हुनुहुन अनुरोध गर्ने निर्णय गरिन्छ । साथै वडा बजेट अन्तर्गत वडा समितिले बढिमा ३० हजार खर्च सिमा भित्र रही वडा स्तरीय शुभकामना  आदान प्रदान कार्यक्रम राख्ने समेत निर्णय गरियो ।

**निर्णय नं.७:** बडादशै, शुवदिपावली नेपाल सम्वत लगायतका चाडपर्वहरुलाई लक्षित गरि नगरस्तरीय, वडा स्तरीय बजार अनुगमन गर्ने, गराउने र अस्थायी बजार व्यवस्थापन (खसी,बोका लगायत) गर्न सम्बन्धित वडालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.८:** चालू आर्थिक वर्ष  ०७९/०८० संचालन हुने गरी तपशिलमा उल्लेखित निर्माण/खरिद कार्यको लागि बोलपत्र/दरभाउपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मूल्याङ्कन समितिको सिफारिसमा तपशिलमा उल्लेखित फर्महरुको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी निर्माण/खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपशील**

| सि.नं | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक ( मू.अ.कर. बाहेक) |
|---|---|---|---|---|
| १ | ०७/Rev/२०७९।०८०) | श्री Bravos Outsourcing Pvt.Ltd.Tokha Kathmandu. | मादि/सेती नदीको नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने कार्य १३ र १४(आय ठेक्का) | १,१५,६०,०००।०० |
| २ | ०३/Goods/vyasmun/२०७९।०८०) | श्री H.M Group of Company, Pvt. Ltd, Kathmandu | मेसिनरी औजार (कम्प्यूटर, प्रिन्टर र यू.पि.एस ) खरिद | रु.१३,६७,६००।०० |
| ३ | १/Works/vyasmun/२०७९।०८०) | श्री गणँश कन्स्ट्रक्सन व्यास ३ | अडमपानी टोल संगम चोक,दमौली चोक सडक कालोपत्रे योजना | रु.१२,७५,७६१।०० |
| ४ | २/Works/vyasmun/२०७९।०८०) | श्री गणँश कन्स्ट्रक्सन व्यास ३ | कालिडांडा दूम्सीकोट मार्ग कालोपत्रे योजना | रु.१२,६९,३४०।०० |
| ५ | ३/Works/vyasmun/२०७९।०८०) | श्री गणँश कन्स्ट्रक्सन व्यास ३ | कूमलटारी मिलनचोक मादि नदी मार्ग कालोपत्रे योजना | रु.१२,६१,२२३।४० |
| ६ | २/vyasrev/vyasmun/२०७९।०८०) | छाब्दी बाराही कन्स्ट्रक्सन व्यास २ | सरसफाई केन्द्र कवाडी संकलन ( आय ठेक्का) | रु.४,१३,५५५।०० |
| ७ | ४/vyasrev/vyasmun/२०७९।०८०) | आरिगा एण्ड आयाना कन्स्ट्रक्सन व्यास २ | करंकाठ बसपार्क संचालन तथा व्यवस्थापन -आयठेक्का) | रु.३,३१,०००।०० |

**निर्णय नं.९:** व्यास नगपालिका क्षेत्रभित्र मादि नदिको नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि गर्ने कार्य खण्ड (क), चापाघाट मादिको पुल देखी कलेस्ती पुलसम्म, ठेक्का नं ०६/Rev/२०७९/०८०) र खण्ड (ख), कलेस्ती पुल देखि शिषाघाट मादि नदिको पुलसम्म, ठेक्का नं ०६/ Rev/२०७९/०८०) कुनै पनि फर्मबाट प्रथम पटक गरिएको बोलपत्र आह्वानमा ठेक्का नपरेको हुदां पुन ठेक्का निकाल्ने निर्णय गरियो ।

१. मिलन मोटर मार्ग कालोपत्रे योजना व्यास १ (ठेक्का नं.४/Works/vyasmun/०७९/०८०) नपरेको

२. माहिलीडाडा मार्ग कालोपत्रे योजना व्यास १ (ठेक्का नं.५/Works/vyasmun/०७९/०८०) नपरेको

**निर्णय नं.१०:** बडादशै, शुभदिपवालीको सन्दर्भमा सबै वडाहरु तर्फबाट विनियोजित बजेटबाट खर्च हुनेगरी सरसफाई प्रकृया वडाहरुबाट गर्ने ,गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** निम्नलिखित विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक नियुक्ति सिफारिस गरेकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

क. शुक्र आधारभुत विद्यालय व्यास ५-श्री टिकाराम दाहाल

ख. देउराली प्रथामिक विद्यालय व्यास ६-श्री सितादेवी लम्साल

**निर्णय नं.१२:** यस पालिका अन्तरर्गत नेपाल सरकारवाट ५३ दरबन्दी कटौती भएकोमा सो संख्या समाप्त भईसकेकाले रिक्त दरबन्दीमा निम्न शिक्षकलाई सरुवा सहमति दिने निर्णय गरियो ।

क. श्री विष्णु बहादुर वानिया-भानु १३, जनसेवीका मा.वि.प्रा.वि स्थायी दरबन्दीबाट उदय मा.वि.व्यास ५ ठुलोटारमा सरुवा भई आउने ।

ख. श्री कमल थापा मगर - म्यादे गा.पा.वडा नं ६ प्रभा आधारभुत विद्यालय, प्रा.वि. स्थायी तृतीयलाई व्यास न.पा.वडा नं २ बाल मन्दिर मा.वि.मा आउने ।

ग. श्री मिन बहादुर थापा- घिरिङ गा.पा.वडा नं ४ गवुडांडा स्थीत कालिका आधारभुत विद्यालयमा कार्यरत प्रा.वि. तृतिय स्थायी शिक्षकलाई सो विद्यालयबाट व्यास नगरपालिका वडा नं १० दुम्सीचौर स्थित भानु मा.वि. मा सरुवा भई आउने ।

**निर्णय नं.१३:** मेडपा उद्यमशिलता कार्यक्रम वडा नं १,६,७,८,९,१०,१२ मा सञ्चालन भैसकेको वडा ५ र ११ को पुनर्ताजगी हुने र बांकी वडाहरुमा २, ३, ४, १३, १४ रहेकोमा यस वर्ष वडा नं १३ र १४ मा कार्यक्रम बिस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** गरिव निवारणका लागि लघु-उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ५२ बमोजिम व्यास नगरपालिका अन्तर्गत निम्न लिखित उद्यम विकास समितिको गठन गर्ने निर्णय गरियो ।

१) संयोजक- नगर प्रमुख श्री बैकुन्ठ न्यौपाने
२) सदस्य - संयोजक आर्थिक विकास समिति श्री रमेशचन्द्र हडखले
३) सदस्य - संयोजक पूर्वधार विकास समिति-श्री मन बहादुर गुरुङ
४) सदस्य - प्रमुख प्रशासकीय अधिकृत -श्री हरिराम नागीला
५) सदस्य - वडा नं १४ का प्रतिनिधि महिला सदस्य -श्री नरिमाया राना
६) सदस्य - महिला लघु उद्यम -श्री कल्पना गौली
७) सदस्य - दमौली बजार वणिज्य संघ इकाई -श्री भुपाल आले
८) सदस्य सचिव -उद्योग पर्यटन शाखा प्रमुख

**निर्णय नं.१५:** व्यास नगरपालिकाको श्रावण र भाद्र महिनामा आन्तरिक आय ३,११,२६,३३२/५९ प्राप्त भएको राजश्व शाखाबाट कार्यपालिका बैठकमा जनाकारी प्राप्त भयो ।

**निर्णय नं.१६:** राष्ट्रिय खेलकुद यस वर्ष असोज, कार्त्तिकमा गण्डकी प्रदेशमा हुन गईरहेको र बास्केटबल प्रतियोगिता व्यास नगरपालिका निर्मल मा.वि. मा सञ्चालन हुन गैरहेको र उक्त बास्केटबल कोड रङ्गरोगन मर्मत, तथा बिस्तार गर्नु पर्ने देखिंदा ल. ई. भई आएको रु ७,३०,१४०/६५ बजेट शिर्षक नं -

९१२ बाट खर्च हुने गरि स्विकृत गर्ने र उक्त निर्माण कार्यलाई सार्वजनिक खरिद ऐन २०६३ अनुसार गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७**: व्यास ७, ८ मा निर्माणाधीन कालीका शहिद मार्गको व्यास मार्गबाट प्रवेश स्थल व्यास ७ पातालमा २००७ साल र २०१७ सालमा प्रजातन्त्र स्थापनाका लागि ज्यान उत्सर्ग गर्नु भएका व्यास ८ पुलिमराङ्गका शहिदहरुको स्मृतीमा "शहिद गेट" निमार्ण गर्न रु १०,००,०००/- रु दश लाखमा नबढ्ने गरी शिर्षक ९३५ बाट खर्च गर्ने गरि निमार्ण प्रकृया बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** व्यास नगरापालिका आ.व.०७९/०८० को नीति तथा बजेट कार्यक्रममा महिलासंग उप-प्रमुख अन्तर्गत गर्भवती महिलालाई पोषण वितरण (बजेट शिर्षक २०९) कार्यक्रम रहेकोले प्रत्येक वडाबाट गर्भवती महिलाको विवरण स्वस्थ्य शाखा समेतको सहभागीतामा आश्विन महिना भरमा माग गर्ने र प्रति गर्भवती रु ५०००/- पोषण सहयोग वितरण गर्ने प्रस्तावका लागि महिला बालबालिका तथा समाजकल्याण उप-शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** व्यास नगरपालिका अन्तरर्गतका ५३ प्रा.वि. दरबन्दी कटौती भएकाले स्वयंसेवक शिक्षक नियुक्ति गर्न यस अघि स्वीकृत दरवन्दी अनुसार उत्तिर्ण शिक्षकहरुलाई विद्यालयको माग अनुसार शिक्षा समितिबाट सिफारिस भई आए अनुसार अनुमोदन गर्ने ।

**निर्णय नं.२०:** तनहुँ जिल्लाका सहकारीहरुको छाता संगठन जिल्ला सहकारी संघले आफ्नो कार्यालय सञ्चालनका लागि नगरपालिकासँग कोठा माग भई आएकोमा यस नगरपालिका मातहतमा सञ्चालनमा रहेका बालकल्याणको भवनमा रहेको यस अघि लायन्स क्लब तनहुँले लिई हाल खाली रहेको १ कोठा निशुल्क रुपमा बढिमा २ वर्षका लागि उपलब्ध गराउने ।

**निर्णय नं.२१:** व्यास नगरपालिका वडा नं २ स्थीत सत्यवती माध्यामिक विद्यालयमा करिव २६०० विद्यार्थी रही भवन अपर्याप्त रहेको राष्ट्रिय नमुना विद्यालय अन्तर्गत नयाँ भवन निमार्णधिन अवस्थामा रहि सबै कक्षाहरु बिहान १० बजे देखि ४ बजे सम्म सञ्चालन गर्न कठीनाई भएकोले कक्षा ११, १२ का केही कक्षाहरु बिहानी सत्रमा सञ्चालन गर्ने अनुमती माग गरेकाले भवन निमार्ण कार्य पुरा नभए सम्म हाललाई अनुमती प्रदान गर्ने ।

**निर्णय नं.२२:** व्यास नगरपालिकाको देहाय बमोजिमका वडाहरुमा संचालित स्वास्थ्य संस्थाहरुको नविकरण गरी पाउं भनी पर्न आएको निवेदन माग बमोजिम म्याद सकिएकै मिति देखि लागू हुने गरी १ (एक) वर्ष सम्मका लागि म्याद थप गर्ने ।

| सि. नं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री पानस डेण्टल केयर | व्यास ३ सफासडक | |
| २. | श्री विकास प्याथोलोजी | व्यास २ दमौली | |

**निर्णय नं.२३:** व्यास नगरपालिकाको चालु आ.ब. को खर्च शिर्षक नं. २२७ को कार्यकम धान, मकैको बीउ-विजन वितरण ५० प्रतिशत अनुदान अन्तर्गतका कार्यक्रम सशर्त अन्तर्गतका कार्यक्रमहरु मार्फत दोहोरिन गएको हुंदा हालको कृषकहरुको माग तथा अवस्थानुसार अन्य कार्यक्रममा छुट्याउनका लागि विनियोजित रु. २०,००,०००/(बीस लाख) लाई निम्न बमोजिमको खर्च शिर्षकमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | शिर्षक | रकम | कै. |
|---|---|---|---|
| १. | फलफुलको बिरुवा वितरण | ५,००,०००/(पांच लाख) | |
| २. | मौरी गोला, घार तथा उपकरण वितरण ५० प्रतिशत अनुदान | ५,००,०००/(पांच लाख) | |
| ३. | ५० प्रतिशत अनुदानमा आलुको बीउ बितरण | ३,००,०००/(तीन लाख) | |
| ४. | ५० प्रतिशत अनुदानमा च्याउको बीउ बितरण | ७५,०००/(पचहत्तर | |

| | | | |
|---|---|---|---|
| | | हजार) | |
| ५. | ५० प्रतिशत अनुदानमा हिउंदे र वर्षे तरकारीको बीउ बितरण | ५,००,०००/(पांच लाख) | |
| ६. | तरकारी बालीको न्युनतम समर्थन मूल्य | १,२५,०००/(एकलाख पच्चीस हजार) | |

**निर्णय नं.२४:** व्यास नगर अस्पतालमा कार्यरत डा. सिन्चन पाण्डेलाई आठौं तहको प्रचलित तलब स्केल नियुक्त भएकै मिति देखि उपलब्ध गराउने ।

**निर्णय नं.२५:** व्यास नगरपालिकाबाट संचालित समता विद्यालयमा पूंजिगत खर्चमा लागत सहभागिता नपर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** व्यास नगरपालिका वडा नं.३ स्थित दुर्गा मन्दिर पृथ्वीराजमार्ग बिस्तार गर्ने क्रममा स्थानान्तरण गर्नु पर्ने भई नजिकै अर्को नयां मन्दिर निर्माण हुन गईरहेकोमा नजिकै सिमलको रुखले विपद निम्त्याउन सक्ने हुंदा उक्त रुख हटाउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय तनहुंलाई र जिल्ला वन कार्यालय तनहुंलाई जानकारी दिने निर्णय गरियो ।

**निर्णय नं.२७:** व्यास नगरपालिकाको आ.वं ०७९/०८० को बजेट कार्यक्रम अन्तरगत निम्नलिखित अत्यावश्यक र विपद जन्य विषयमा निम्न शिर्षकहरुवाट रकम विनियोजित गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रम | वडा नं | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | जनसुधार टोल विद्युत पोल स्थानान्तरण | १ | ८०,०००/ | ९३५ |
| २. | कृपा बि.क. अध्ययन छात्रवृत्ति | १ | ८,०००/ | १९९ |
| ३. | रोहन बि.क. अध्ययन छात्रवृत्ति | १ | ८,०००/ | १९९ |
| ४. | क्षेत्री समाज अगाडी बाटो मर्मत | १ | १,५०,०००/ | विपद |
| ५. | डमौली टोल बाटो मर्मत ग्रावेल | १ | १,७०,०००/ | विपद |
| ६. | छत्रनाथ पोखेल कृती प्रकाशन सहयोग | ४ | २०,०००/ | ६२ |
| ७. | रविना थापा उपचार सहयोग | ३ | ४०,०००/ | ५३ |
| ८. | रुद्र बहादुर क्षेत्री घर संरक्षण क्षतिपूर्ति | ४ | २०,०००/ | विपद |
| ९. | बेनिपाटन विद्युत पोल स्थानान्तरण | ५ | १९,०००/ | ९३५ |
| १०. | आईतिमायां परियार खेत कुलो संरक्षण | ६ | १०,६००/ | विपद |
| ११. | खुम बहादुर गुरुङ्ग टिन सहयोग | ६ | २५,०००/ | ९२० |
| १२. | गलेखामकोट दशैं नियमित पूजा सहयोग | ६ | ३०,०००/ | ६२ |
| १३. | शुभलाल श्रेष्ठ विपद रांगो मरेको | ६ | २०,०००/ | विपद |
| १४. | माहेन्द्री आ.वि. अधुरो कम्पाउण्ड निर्माण | ६ | २,५०,०००/ | ९१० |
| १५. | मादिबेसी स्वास्थ्य संस्था भवन निर्माण | ६ | ४,००,०००/ | ९१४ |
| १६. | रामकृष्ण वाग्ले घर संरक्षण | ७ | ३०,०००/ | विपद |
| १७. | श्रीकृष्ण रिमाल सिंचाई पाईप खरिद | ८ | २०,०००/ | ९२० |
| १८. | केशर बहादुर थापा शौचालय निर्माण | ९ | २०,०००/ | ९३५ |
| १९. | विकास परियार शौचालय निर्माण | ९ | २०,०००/ | ९३५ |
| २०. | मिन कुमारी गुरुङ्ग शौचालय निर्माण | ९ | २०,०००/ | ९३५ |
| २१. | सुमीमायां गुरुङ्ग गोठ मर्मत | ९ | २०,०००/ | २५१ |
| २२. | बेलखोला चण्डीभञ्ज्याङ्ग बाटोमा ह्युमपाईप खरिद | ९ | ५०,०००/ | ९३५ |
| २३. | वाशु मिश्र अपाङ्गमैत्री ल्यापटप खरिद | १० | ८०,०००/ | २०६ |
| २४. | कोभिड अस्पताल देखि झोलुङ्गे पुलसम्म ट्याक निर्माण | १० | ५,००,०००/ | ९३५ |

| | | | | |
|---|---|---|---|---|
| २५. | पूर्व प्रतिनिधी बिरामी वेड खरिद | १० | ३०,५१०/ | २२१ |
| २६. | वैरेनी दरै आमा समुह प्लाष्टिक कुर्चि खरिद | १० | ३२,५००/ | ९१८ |
| २७. | दुम्सीचौर टोलमा सडक बत्ती बिस्तार | १० | ३,००,०००/ | ९२१ |
| २८. | कण्ठेबिरौटा कुहलेनी खा.पा. पाईप खरिद | १० | १६,०००/ | ९२३ |
| २९. | विनोद सापकोटा साईक्लिङ सहयोग | १० | २५,०००/ | २४९ |
| ३०. | भानु मा.वि. वार्षिकोत्सव खर्च | १० | ७५,०००/ | विविध चालु |
| ३१. | विश्व पर्यटन दिवस मनाउन तनहुंसुर होमस्टे | ११ | ८०,०००/ | २४६ |
| ३२. | दुर्गा बहादुर नेपाली शौचालय निर्माण | ११ | २०,०००/ | ९३५ |
| ३३. | जनकल्याण आ.वि.अधुरो भवन निर्माण | ११ | ७,००,०००/ | ९१० |
| ३४. | कमलबारी सेरा मार्ग कजवे निर्माण | १२ | ९,००,०००/ | ९३५ |
| ३५. | सिद्धेश्वरी मा.वि. फर्निचर खरिद सहयोग | १२ | २,००,०००/ | ९१० |
| ३६. | रेडियो देवघाट वार्षिक सहयोग | | ३०,०००/ | विविध चालु |
| ३७. | क्यामिनकोट कालिका मन्दिर नियमित दशैं पूजा संचालन | ८ | ५०,०००/ | २४५ |
| ३८. | शहिद कालिका मन्दिर नियमित दशैं पूजा | ४ | ५०,०००/ | २४६ |
| ३९. | रतौली टोल बाटो मर्मत ग्राभेल | १ | ३,००,०००/ | विपद |
| ४०. | पशुपति उद्यान चौतारा निर्माण | | ३,००,०००/ | ९३५ |
| ४१. | शहिद धर्म आ.वि. फर्निचर खरिद | ८ | १,५०,०००/ | ९१० |
| ४२. | देउराली ऐतिहासिक चौतारा मर्मत निर्माण | १० | ३,००,०००/ | ९३५ |
| ४३. | दुर्गा मन्दिर दशैं रङ्ग रोगन मर्मत समेत | ३ | १,००,०००/ | २४६ |
| ४४. | पाञ्चायन मन्दिर दशैंमा रङ्ग रोगन | ३ | १,००,०००/ | २४६ |
| ४५. | सञ्जीव कौडाल रक्त क्यान्सर उपचार सहयोग | १२ | २५,०००/ | ५३ |
| ४६. | मुस्लिम आमा समुह शेषाटार भवन निर्माण | ६ | २,५०,०००/ | ९१८ |
| ४७. | विस्मील्ला मदर्शा छाना निर्माण | ६ | १,००,०००/ | ९१८ |
| ४८. | सविना गुरुङ्ग छात्रवृत्ति | १० | ३५,०००/ | १९९ |
| ४९. | व्यास जयन्ती रक्तदान कार्यक्रम (सुदिप काफ्ले) | २ | ४०,०००/ | २२१ |
| ५०. | नेपाल मगर संघ जिल्ला समिती फर्निचर खरिद | ३ | ३,००,०००/ | ९१८ |
| ५१. | रानीगाउं युवा क्लबद्धारा दशैंमा रोवोटे पिङ्ग निर्माण | ११ | ५०,०००/ | ९१८ |
| ५२. | पत्रकार ओमकार आचार्य अध्ययन छात्रवृत्ति | ५ | ५०,०००/ | १९९ |
| ५३. | स्वाग्दीखोला गोल्ला खानेपानी मर्मत | १२ | ४०,०००/ | ९२३ |

**निर्णय नं.२८ :** व्यास नगरपालिका कार्यालयको आ.ब. २०७९/०८० को बजेटमा विनियोजन खर्च चालु र पूंजिगत खातामा बैंक मौज्दात रु.१०,००,००,०००/(दश करोड) अनुमान गरिएकोमा वास्तविक बैंक मौज्दात रु. १२,१५,५२,०३८/४० भएको र हाल खर्च व्यवस्थापन गर्न समस्या हुन गएको हुंदा आगामी नगर सभाबाट अनुमोदन हुने गरी संचित कोषमा बढी बैंक मौज्दात रु. २,१५,५२,०३८/४० साविकको बैंक मौज्दातमा थप गर्ने र हाल सबै आम्दानीका श्रोतमा निकासा पर्याप्त नभएको हुंदा संघीय राजश्व बांडफांड र संघीय समानीकरण बाट श्रोत मिलान हुने गरी खर्च लेखि पुन: पछि समायोजन गर्ने निर्णय गरियो ।